निर्देशनालय, सुर्खेत र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाको सामाजिक विकास कार्यालयमार्फत निर्धारित समयावधि भित्र आवेदन दिन सक्नेछन्। म्याद नाघी/रित नपुगी आएको दरखास्त फाराम स्वतः अस्वीकृत हुनेछ।

- एक जना उम्मेद्वारले एक स्थानीय तहमा आवेदन दिन सक्नेछ। विकल्पमा बढीमा दुइवटा स्थानीय तहमा आवेदनको लागि प्राथमिकता क्रममा राख्न सक्नेछ।
- आवेदन प्राप्त भएको जानकारी सम्बन्धित उम्मेदवारको मोवाइलमा सन्देश सहित प्रेषित गरिनेछ ।
- तोकिएको म्यादको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो लगत्तैको कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिने छ।

**परीक्षाको किसिमः संक्षिप्त सूची तथा अन्तरवार्ता ।**

**आवेदन मुल्याङ्कनः**

**संक्षिप्त सूचीः** समन्वय इकाई वा इकाईले तोकेको अधिकार प्राप्त उप समितिः ८० अंक

**संक्षिप्त सूची तयार गर्ने आधारः**

शैक्षिक योग्यता वापत - **५०** (पचास) अंक, (विशिष्ट श्रेणी वापत ५०, प्रथम श्रेणी वापत ४५, द्धितीय श्रेणी वापत ४०, तृतीय श्रेणी वापत ३५ (त्रिभुवन विश्वविद्यालयको अंक गणना वा सोही बमोजिमको समकक्षताको आधारमा गर्ने) ।

**कार्य अनुभव वापत - १२ (बाह्र) अंक** (सामाजिक परिचालकको रुपमा सरकारी वा गैरसरकारी क्षेत्रमा काम गरेकोलाई प्रति वर्ष ३ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने)

प्राविधिक शिक्षाः सिभिल इन्जिनियरिङ्ग विषयको स्नातक तहको योग्यता प्राप्त गरेको हकमा **८** अंक, स्नातक भन्दा मुनीको हकमा ६ अङ्क। यसको लागि सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्ने,

**स्थानीय तहको बासिन्दालाई देहाय बमोजिम - १० (दश) अंक**

क) सम्बन्धित स्थानीय तहको बासिन्दा भएमा - १० अंक

ख) सम्बन्धित जिल्लाको बासिन्दा भएमा - ५ अंक

ग) कर्णाली प्रदेशको बासिन्दा भएमा -३ अंक

**अन्तरवार्ताः** -२०(बीस) अंक

क) अन्तर्वार्ताको लागि छनौट भएका उम्मेद्वारहरुको सूची नेपाली वर्णमालाको वर्णानुक्रमानुसार www.ocmcm.karnali.gov.np मा प्रकाशन गरिनेछ ।

ख) अन्तरवार्ता सुर्खेत जिल्लाको हकमा शिक्षा विकास निर्देशनालय, सुर्खेत र अन्यको हकमा सम्बन्धित जिल्लाको सामाजिक बिकास कार्यालयमा रहेको अन्तरवार्ता तथा छनौट समितिले सञ्चालन गर्नेछ ।

यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा देहायका कर्मचारीसँग सम्पर्क गर्न सकिनेछ ।

१. सहायक पाँचौं श्री नविन ढकाल, सम्पर्क नं ९८४८०८८८९७

२. सहायक पाँचौं श्री निरञ्जना रेग्मी, सम्पर्क नं ९८४८१५७१९५